प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
प्रदेश नं. १

# उच्च शिक्षा छात्रवृत्ति वितरण सम्बन्धी मार्गदर्शन, २०७९

प्रदेश नं. १ का आर्थिक तथा सामाजिक रूपले पछि परेका समुदाय तथा अपाङ्गता भएका विद्यार्थीहरूको उच्च शिक्षामा पहुँच अभिवृद्धि गर्न सामाजिक विकास मन्त्रालयको आ.व. २०७९/८० का लागि बजेट उपशीर्षक नं. ३५००३१०१, खर्च शीर्षक २६४१२ को स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयन गर्न वाञ्छनीय भएकाले प्रदेश विनियोजन ऐन, २०७९ को दफा ९ ले दिएको अधिकार प्रयोग गरी सामाजिक विकास मन्त्रालयले यो मार्गदर्शन स्वीकृत गरेको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> यस मार्गदर्शनको नाम "उच्च शिक्षा छात्रवृत्ति वितरण सम्बन्धी मार्गदर्शन, २०७९" रहेको छ। यो मार्गदर्शन मन्त्रालयले स्वीकृत गरेको मितिबाट प्रारम्भ हुनेछ।

२. <u>परिभाषाः</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मार्गदर्शनमा,-

(क) "उच्च शिक्षा" भन्नाले स्नातक वा सो सरहको तहदेखि सोभन्दा माथीको तहको शिक्षा सम्झनु पर्छ।

(ख) "विद्यार्थी" भन्नाले उच्च शिक्षामा अध्ययनरत प्रदेश नं. १ मा स्थायी बसोबास भएका लक्षित समूहका विद्यार्थी सम्झनु पर्छ।

(ग) "मन्त्रालय" भन्नाले प्रदेश नं. १ सरकार, सामाजिक विकास मन्त्रालय सम्झनु पर्छ।

(घ) "सिफारिस समिति" भन्नाले दफा ७ बमोजिमको सिफारिस समिति सम्झनु पर्छ।

(ङ) "छात्रवृत्ति" भन्नाले यस मार्गदर्शन बमोजिम विद्यार्थीलाई मन्त्रालयले प्रदान गर्ने छात्रवृत्ति सम्झनु पर्छ।

(च) "लक्षित समूह" भन्नाले सम्बन्धित स्थानीय तहको सिफारिस बमोजिम आर्थिक तथा सामाजिक रूपले पछि परेका समुदाय तथा अपाङ्गता भएका विद्यार्थी सम्झनु पर्छ।

३. <u>छात्रवृत्ति वितरण गरिनेः</u> (१) लक्षित समूहका विद्यार्थीलाई उच्च शिक्षामा पहुँच अभिवृद्धिका लागि यस मार्गदर्शन बमोजिम छात्रवृत्ति वितरण गरिनेछ।

(२) उपदफा (१) बमोजिम छात्रवृत्ति वितरण गर्दा कार्यक्रमको कुल बजेटमा देहाय बमोजिम हुने गरी रकम बाँडफाँड गरिनेछः-

(क) आर्थिक तथा सामाजिक रूपले पछि परेको विद्यार्थीका लागि साठी प्रतिशत,

(ख) अपाङ्गता भएका विद्यार्थीका लागि चालिस प्रतिशत ।

सचिव मन्त्री

४. **छात्रवृत्ति रकमको निर्धारणः** (१) न्यूनतम बिस हजार रूपैयाँदेखि अधिकतम एक लाख रूपैयाँसम्म हुनेगरी छात्रवृत्ति रकमको निर्धारण सिफारिस समितिले गरेको निर्णय बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिम छात्रवृत्ति रकमको निर्धारण गर्दा लक्षित समूहका विद्यार्थीले अध्ययन गरिरहेको विषय संकायमा लागेको अध्ययन शुल्कलाई समेत सिफारिस समितिले विचार गर्नुपर्ने छ।

५. **आवेदन माग गरिनेः** (१) छात्रवृत्ति वितरणका लागि मन्त्रालयबाट राष्ट्रिय स्तरको दैनिक पत्रिका र मन्त्रालयको वेबसाइटमा सूचना प्रकाशन गरी लक्षित समूहका विद्यार्थीहरूसँग आवेदन माग गरिनेछ।

(२) उपदफा (१) बमोजिम प्रकाशित सूचनाका आधारमा लक्षित समूहका विद्यार्थीले अनुसूची – १ बमोजिमको ढाँचामा छात्रवृत्ति प्राप्त गर्नका लागि निवेदन पेश गर्नुपर्ने छ।

६. **आवेदनका लागि आवश्यक योग्यता र मापदण्डः** (१) आर्थिक तथा सामाजिक रूपले पछि परेका समुदायका विद्यार्थीका हकमा छात्रवृत्ति प्राप्त गर्नका लागि देहाय बमोजिमको योग्यता र मापदण्ड निर्धारण गरिएको छः-

(क) निज विद्यार्थी नियमित रूपमा अध्ययन गरिरहेको व्यहोरा खुलेको सम्बन्धित शिक्षण संस्थाको सिफारिस –पत्र। (यस्तो सिफारिस – पत्रमा निज विद्यार्थी उक्त शिक्षण संस्थामा अध्ययन गरिरहेको बखत नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार वा अन्य कुनै सरकारी तथा निजी संस्थाले प्रदान गर्ने कुनैपनि छात्रवृत्ति प्राप्त नगरेको व्यहोरा उल्लेख हुनुपर्ने),

(ख) प्रदेश नं. १ को स्थायी बसोबास खुल्ने नागरिकता प्रमाणपत्रको प्रतिलिपि वा सम्बन्धित स्थानीय तहको सिफारिस – पत्र,

(ग) निज विद्यार्थीको परिवार आर्थिक तथा सामाजिक रूपले पछि परेको भनी सम्बन्धित स्थानीय तहको सिफारिस – पत्र,

(घ) निज विद्यार्थीले कक्षा – १२ उत्तीर्ण गरेको शैक्षिक प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि । साथै, वार्षिक प्रणाली बमोजिम दोश्रो, तेस्रो, चौथो वा पाँचौ वर्षमा अध्ययनरत विद्यार्थीको हकमा अघिल्लो वर्षको मार्कसिटको प्रतिलिपि र सेमेस्टर प्रणालीको हकमा समेत अघिल्लो सेमेस्टरको मार्कसिटको प्रतिलिपि।

(२) अपाङ्गता भएका विद्यार्थीका हकमा छात्रवृत्ति प्राप्त गर्नका लागि देहाय बमोजिमको योग्यता र मापदण्ड निर्धारण गरिएको छः-

(क) अपाङ्गता परिचय – पत्रको प्रतिलिपि,

सचिव मन्त्री

(ख) निज विद्यार्थी नियमित रूपमा अध्ययन गरिरहेको व्यहोरा खुलेको सम्बन्धित शिक्षण संस्थाको सिफारिस –पत्र। (यस्तो सिफारिस –पत्रमा निज विद्यार्थी उक्त शिक्षण संस्थामा अध्ययन गरिरहेको बखत नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार वा अन्य कुनै सरकारी तथा निजी संस्थाले प्रदान गर्ने कुनैपनि छात्रवृत्ति प्राप्त नगरेको व्यहोरा उल्लेख हुनुपर्ने),

(ग) प्रदेश नं. १ को स्थायी बसोबास खुल्ने नागरिकता प्रमाणपत्रको प्रतिलिपि वा सम्बन्धित स्थानीय तहको सिफारिस –पत्र,

(ङ) निज विद्यार्थीले कक्षा – १२ उत्तीर्ण गरेको शैक्षिक प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि । साथै, वार्षिक प्रणाली बमोजिम दोश्रो, तेस्रो, चौथो वा पाँचौ वर्षमा अध्ययनरत विद्यार्थीको हकमा अघिल्लो वर्षको मार्कसिटको प्रतिलिपि र सेमेस्टर प्रणालीको हकमा समेत अघिल्लो सेमेस्टरको मार्कसिटको प्रतिलिपि।

७. <u>सिफारिस समितिः</u> (१) छात्रवृत्ति वितरणका लागि मन्त्रालयसमक्ष विद्यार्थीको नामावली सिफारिस गर्न मन्त्रालयमा देहाय बमोजिमको एक छात्रवृत्ति सिफारिस समिति रहनेछः-

(क) महाशाखा प्रमुख, शिक्षा, युवा तथा खेलकुद महाशाखा, मन्त्रालय – संयोजक

(ख) महाशाखा प्रमुख, प्रशासन तथा शैक्षिक योजना महाशाखा, मन्त्रालय – सदस्य

(ग) मन्त्रालयका प्राविधिक शिक्षा सम्बन्धी विषय हेर्ने एकजना शाखा अधिकृत – सदस्य

(घ) मन्त्रालयका विशेष शिक्षा सम्बन्धी विषय हेर्ने एकजना शाखा अधिकृत – सदस्य

(ङ) मन्त्रालयका युवा तथा खेलकुद सम्बन्धी विषय हेर्ने एकजना शाखा अधिकृत – सदस्य

(च) कानून अधिकृत, मन्त्रालय – सदस्य

(छ) मन्त्रालयका उच्च शिक्षा सम्बन्धी विषय हेर्ने शाखा प्रमुख – सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) मन्त्रालयको तर्फबाट छात्रवृत्तिका लागि सूचना प्रकाशन गर्ने,

(ख) विद्यार्थीले अध्ययन गरिरहेको विषय संकायमा लागेको अध्ययन शुल्कका आधारमा छात्रवृत्ति रकमको निर्धारण गर्ने,

(ग) विद्यार्थीबाट प्राप्त आवेदनको अध्ययन गरी छात्रवृत्ति वितरणका लागि मन्त्रालय समक्ष सिफारिस गर्ने।

८. <u>छात्रवृत्ति वितरण:</u> सिफारिस समितिले गरेको सिफारिसको आधारमा सम्बन्धित विद्यार्थीको बैंक खातामा छात्रवृत्ति रकम जम्मा गरिनेछ।

९. <u>मार्गदर्शनको संशोधन:</u> यस मार्गदर्शनको संशोधन गर्ने अधिकार मन्त्रालयमा निहित रहनेछ।

सचिव

मन्त्री

अनुसूची – १
(दफा ५ को उपदफा (२) सँग सम्बन्धित)

<u>छात्रवृत्तिका लागि मन्त्रालयसमक्ष पेश गरिने निवेदनको ढाँचा</u>

मितिः ...................

श्री सामाजिक विकास मन्त्रालय,
प्रदेश नं. १, विराटनगर, नेपाल ।

विषयः छात्रवृत्तिका लागि निवेदन पेश गरिएको सम्बन्धमा ।

प्रस्तुत विषयमा तहाँ मन्त्रालयबाट मिति .... मा प्रकाशित सूचना बमोजिम तपसिल बमोजिमको विवरण र संलग्न कागजातसहित मन्त्रालयले उपलब्ध गराउने छात्रवृत्ति प्राप्त गर्नका लागि यो निवेदन पेश गरेको छु ।

<u>तपसिलः</u>

१. अध्ययन गरिरहेको तह र विषय/संकायः

२. अध्ययनरत संस्था/विश्वविद्यालयको नाम र ठेगानाः

३. अध्ययन शुल्कः

<u>संलग्न कागजातहरूः</u>

१. निवेदक अध्ययन गरिरहेको शैक्षिक संस्थाको तह, विषय/संकाय र अध्ययन शुल्क खुलेको सिफारिस–पत्र,

२. निवदेकको नेपाली नागरिकताको प्रमाण– पत्र वा प्रदेश नं. १ मा स्थायी बसोबास खुल्ने प्रमाणपत्रको प्रतिलिपि,

३. निवेदक आर्थिक तथा सामाजिक रूपले पछि परेको परिवारको सदस्य भनी सम्बन्धित स्थानीय तहको सिफारिस –पत्र (आर्थिक तथा सामाजिक रूपले पछि परेकाको हकमा),

४. अपाङ्गता परिचय – पत्रको प्रतिलिपि (अपाङ्गता भएका विद्यार्थीको हकमा),

५. शैक्षिक प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।

<u>निवेदक</u>

................

.................